नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्रः भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎०१-५१४२१३१
इमेल:pmamp.piu.bhaktapur@gmail.com
चाँगुनारायण-८, सुडाल, भक्तपुर

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई

# सूचना नं.: ३

# तरकारी जोन, ललितपुर

## कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०५/२२)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरअन्तर्गत आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **ललितपुर जिल्लामा** संचालित **तरकारी जोन** (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) को कार्यक्षेत्र: गोदावरी न.पा. ३, ५, ६, ७, ८, ९ र १२ नं. वडाहरु, कोन्ज्योसोम गा.पा. १, २ र ३ नं. वडाहरु र बागमती गा.पा. १ र २ नं. वडाहरुमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राविधिक एकाइ ललितपुरमा मिति २०७८ असोज २० गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै इच्छुक कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | वजेट रु लाखमा | यस कार्यालयवाट उपलब्ध हुनसक्ने अनुदान | प्रस्ताव आवेदन पेश गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | तरकारी खेतिका लागि टनेल निर्माणमा सहयोग | पटक | ४ | २ | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम ५० हजार सम्म | खुल्ला रुपमा ३ रोपनी वा संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |
| २ | स्थानियस्तरमा नर्सरी स्थापनामा सहयोग | संख्या | २ | ३ | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम १.५० लाख सम्म | नर्सरी व्यवसायमा उद्यमशिलता हासिल गरेको र नर्सरी दर्ता गरी काम गरिरहेको संस्थाले आवेदन दिन सक्ने छ । |
| ३ | कृषकहरुलाई वजारीकरण सहयोग | पटक | १ | २ | ५०% प्रतिशत अनुदानमा सामाग्री वितरण | खुल्ला रुपमा ३ रोपनी वा संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |
| ४ | नर्सरी पूर्वाधार निर्माण (सेड हाउस,स्क्रीन हाउस) | पटक | १ | ५ | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम ५ लाख सम्म | नर्सरी व्यवसायमा उद्यमशिलता हासिल गरेको र नर्सरी दर्ता गरी काम गरिरहेको संस्थाले आवेदन दिन सक्ने छ । |
| ५ | नविनतम सिंचाइ प्रविधि (थोपा सिंचाइ) प्रदर्शन | पटक | २ | २ | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम १ लाख सम्म | संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |
| ६ | तरकारीको क्षेत्र विस्तार | हेक्टर | ५० | ३० | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम ६० हजार प्रति हेक्टर सम्म | यस आ.ब. मा थप तरकारी खेती हुने क्षेत्रफलमा उन्नत वीउ बीजन तथा कृषि सामाग्री प्रयोग गरी उन्नत प्रविधिबाट खेति गर्नुपर्ने । |

**टीकाराम शर्मा**
वरिष्ठ कृषि अधिकृत

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. नयाँ सुचीकृतकालागि जोनमा आवद्दता सम्वन्धि र कार्यक्रममा सहभागिता सम्बन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको जोनमा आवद्धताका लागि सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको आ.व.२०७६/०७७ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा लालपूर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

**पुनश्च:** आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा परियोजना कार्यान्वयन इकाइ कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) को जोनमा आवद्धता लागि बाध्य हुने छैन ।

**नोट:** गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले सूचिकृत हुनको लागि आवेदन पेश गर्नुपर्ने छैन । तर गत आ.व.मा तोकिएको ढाँचामा विवरण पेश नगरेका संस्थाहरुले अध्यावधिक विवरण पेश गर्नुपर्नेछ ।साथै गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।

**थप जानकारीको लागि**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ, भक्तपुर**
चागुनारायण न.पा.-८, सुडाल, भक्तपुर
फोन नं.: ०१-५१४२१३१
सूचना अधिकारी मोवाइल नं.:९८५११४२१३१

**जोन प्राविधिक एकाइ, ललितपुर**
गोदावरी न.पा.-१२, ठेचो, ललितपुर
फोन नं.: ०१-५५७०२७३

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
भक्तपुर

**टीकाराम शर्मा**
वरिष्ठ कृषि अधिकृत